**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

**मितिः २१ नवम्बर २०२५**

*समयः १८:५० - १९:०० बजे*

## मुख्य समाचार

- मुख्यमन्त्री ममता बनर्जीले फेरि एक पटक SIR को विरोधमा २५ नोभेम्बरको दिन , उत्तर २४ परगना, मटुआगढमा एक ठूलो ऱ्याली गर्नुहुने छ।

- पश्चिम बंगाल सरकारले २०२६ मा हुने विधानसभा चुनावको तयारीको समीक्षा गर्न वरिष्ठ प्रशासनिक अधिकारीहरूको बैठकको सूची बनाएको छ।

- खरसाङ नगरपालिकाद्वारा खरसाङ शहरको पिउने पानीको समस्या समाधान अमृत २.० परियोजनाको शिलान्यास भोली जिटिए सभाका मुख्य कार्यपाल अनित थापाले गर्नुहुनेछ।

- गोर्खा जन पुस्तकालय, खरसाङका वरिष्ठ आजीवन सदस्य दिलीपकुमार बराइलीको निधन भएको छ

- भारतीय जनता पार्टी दार्जीलिङ जिल्ला समितिले मण्डल भ्रमण अभियानलाई निरन्तरता दिँदै आज नागरी धजे मण्डल भ्रमण गरेको छ ।

## मुख्यमन्त्री ममता बनर्जी SIR

मुख्यमन्त्री ममता बनर्जीले फेरि एक पटक SIR को विरोधमा २५ नोभेम्बरको दिन , उत्तर २४ परगना, मटुआगढमा एक ठूलो ऱ्याली गर्नुहुने जानकारी प्राप्त भएको छ। ऱ्याली चाँदपाराबाट ठाकुरनगरसम्म जानेछ, त्यसपछि मुख्यमन्त्रीले बोनगाउँको त्रिकोण पार्कमा जनसभालाई सम्बोधन गर्नुहुनेछ।हाल राज्यमा SIR (सर) प्रक्रियाको बारेमा चर्को बहस भइरहेको छ, जसको उद्देश्य त्रुटिरहित मतदाता सूचीहरू सुनिश्चित गर्नु हो। चुनाव आयोगले सम्पूर्ण प्रक्रियाको बारेमा स्पष्ट दिशानिर्देशहरू जारी गरेको छ|विशेष गरी मटुआ समुदायको एक भागले SIR प्रक्रियाले आफ्ना धेरै सदस्यहरूलाई मतदाता सूचीबाट हटाउन सक्ने डर व्यक्त गरेको छ। उनीहरूले यस चिन्ताको विरुद्धमा आवाज उठाउँदै आएका छन्।मटुआ समुदायका केही संगठनहरूले हालै १३ दिनसम्म चलेको आमरण अनशन सुरु गरेका छन्। तृणमूल कांग्रेसका राष्ट्रिय महासचिव अभिषेक बनर्जीको अनुरोधमा यो अनशन रद्द गरिएको थियो। यसपछि, मुख्यमन्त्री ममता बनर्जीले अब व्यक्तिगत रूपमा मटुआ समुदायलाई आफ्नो समर्थन व्यक्त गर्न सम्पर्क गरिरहनुभएको छ।मुख्यमन्त्री ममता बनर्जी र अभिषेक बनर्जीले यसअघि एसआईआरको विरोधमा कोलकातामा ऱ्याली र जुलुसमा सहभागी हुनुभएको थियो भने यो दोस्रो ठूलो कार्यक्रम हुने अपेक्षा गरिएको छ।

## पश्चिम बंगाल विधानसभा चुनावको तयारी

पश्चिम बंगाल सरकारले २०२६ मा हुने विधानसभा चुनावको तयारीको समीक्षा गर्न वरिष्ठ प्रशासनिक अधिकारीहरूको बैठकको सूची बनाएको छ। राज्य सरकारका एक वरिष्ठ अधिकारीका अनुसार, राज्य सचिवालय वा जिल्ला मजिस्ट्रेटद्वारा आयोजित बैठकको अध्यक्षता मुख्य सचिव मनोज पन्तलेले गर्नुहुनेछ। भर्चुअल बैठकमा दुर्गम जिल्लाका अधिकारीहरू उपस्थित हुनेछन्।

स्रोतहरूले बताएअनुसार बैठकमा मतदान पूर्वाधार सुदृढीकरण र इलेक्ट्रोनिक मतदान मेसिनको उपलब्धता र तयारीमा विशेष जोड दिइनेछ। राज्यमा चुनावी गतिविधिहरूको निरीक्षण गर्ने जिम्मेवारी पाएका वरिष्ठ उप चुनाव आयुक्त ज्ञानेश भारती राज्य मुख्य चुनाव  कार्यालयको प्रतिनिधिमण्डलसँगै कार्यशालामा उपस्थित रहनुहुनेछ। एक अधिकारी अनुसार, राज्यका २४ जिल्लाका चुनाव अधिकारीहरू पनि कार्यशालामा उपस्थित हुनेछन्।अधिकारीका अनुसार छलफलको केन्द्रबिन्दु प्राविधिक तयारी, EVM परीक्षण प्रक्रिया र विभिन्न सुरक्षा सम्बन्धी विषयहरूमा हुनेछ ताकि चुनाव  प्रक्रिया सहज रहोस्।यसैबीच, आधिकारिक तथ्याङ्क अनुसार, मतदाता सूचीको विशेष गहन पुनरीक्षण कार्यक्रम अन्तर्गत राज्यमा हालसम्म ७.६४ फारमहरू वितरण गरिएको छ। पश्चिम बंगालमा ७.६६% मतदाता छन्।

## अभिषेक बनर्जी -SIR समीक्षा

पश्चिम बंगालमा मतदाता सूचीको  विशेष गहन पुनरीक्षण (एसआईआर)को अगाडी नै तृणमूल कांग्रेसका राष्ट्रीय महासचिव अभिषेक बनर्जीले एकचोटी भर्चुअल बैठक गरेर आफ्नो नेताहरुलाई दिशा-निर्देश दिनुभएको थियो भने लगभग 20 दिनपछी आगामी  सोमवार एसआईआरको  विषयमा  व्यापक समीक्षा गरिने बताईएको छ। समीक्षा बैठक सोमबार साँझ चार बजी भर्चुअल माध्यमबाट हुनेछ|जसमा पार्टीका 10 हजार भन्दा अधिक नेता एवं पार्टी कार्यकर्ताहरु उपस्थित रहनेछन्।

बंगालका बुथ-स्तरीय अधिकारीहरूले ४ नोभेम्बरमा घर-घरमा गणना फारमहरू वितरण गर्न थालेका थिए । यसअघि, अभिषेक ब्यनार्जीले ३१ अक्टोबरको बैठकमा पार्टीका बीएलओहरूलाई बीएलओहरूसँग निरन्तर सहकार्य गर्न निर्देशन दिनुभएको थियो। अब पहिलो चरण पूरा भइसकेको छ भने  सोमबारको बैठकमा दोस्रो चरणको कामको लागि विस्तृत दिशानिर्देश जारी गरिनेछ। तृणमूल कांग्रेसका वरिष्ठ नेताहरू विश्वास गर्छन् -सूचीबाट छुटेका वैध मतदाताहरूको नाम थप्नु दोस्रो चरणको सबैभन्दा महत्त्वपूर्ण काम हुनेछ।
अभिषेकले मटुआ-प्रभुत्व भएको रानाघाट र बोनगाउँ निर्वाचन क्षेत्र अन्तर्गतका विधानसभा क्षेत्रहरूमा पार्टीको रणनीतिको बारेमा विशेष मार्गदर्शन पनि प्रदान गर्न सक्छन्। उत्तर बंगालमा पनि विशेष ध्यान दिइँदैछ।

## अनित थापा

खरसाङ नगरपालिकाद्वारा खरसाङ शहरको  पिउने पानीको समस्या समाधान अमृत २.० परियोजनाको शिलान्यास भोली जिटिए सभाका मुख्य कार्यपाल अनित थापाले गर्नु हुनेछ। यो परियोजना पूरा भएपछि खर्साङ बजार क्षेत्रमा व्याप्त पिउने पानीको समस्याले निकास पाउने आशा गरिएको छ। उक्त परियोजना लगभग २०० करोड़को लागतमा सम्पन्न  हुने भएको जानकारी प्राप्त भएको छ।  यस विषयमा पत्रकारहरुसित कुराकानी गर्दै युवा शक्ति खरसाङ महकुमा समितिको सभापति प्रेमेन्द्र गुरूङ र खरसाङ टाउन कमिटीका सचिव बीरबल पाख्रिनले विस्तृत रुपमा जानकारी गराउनुभएको छ।

## अजय एडवर्डस

इन्डियन गोर्खा जनशक्ति फ्रन्टका प्रमुख संयोजक अजय एडवर्डसले आज एक प्रेस बिज्ञप्ति जारी गर्दै बंगालको दासत्वमा नबस्ने बताउनु भएको छ। उहाँले अब परिवर्तनको समय आएको भन्दै गोर्खाहरु एकबद्ध बन्ने आह्वान गर्नुभयो। देशप्रति गोर्खाहरुको योगदानलाई कदर गर्दै अब देशले न्याय गर्ने समय आएको एडवर्डसले बताउनु भयो।उहाँ फेरि एकचोटि भारतभित्र बंगालदेखि बाहिरको व्यवस्थाको वकालत आफुहरुले गरिरहेको जानकारी पनि गराउनु भयो

## प्राथमिक शिक्षक संगठन सोनादा

स्थायी पेब्याण्ड पारा प्राथमिक शिक्षक संगठन सोनादा क्षेत्रको आयोजनामा बिदाई एंव सम्मान समारोह सम्पन्न भएको छ। उक्त कार्यक्रमको अध्यक्षता हिल तराई प्राथमिक शिक्षक एसोसिएसन सोनादा सर्कलको सभापति प्रकाश राईले

गर्नुभएको थियो भने प्रमुख अतिथिको रुपमा जीटीएका डेपुटी चेयरम्यान एंव प्राथमिक शिक्षा विभागका प्रभारी सभासद राजेस चौहान उपस्थित हुनुन्थ्यो।

**गोर्खा जन पुस्तकालय,**

गोर्खा जन पुस्तकालय, खरसाङका वरिष्ठ आजीवन सदस्य, जागृति परिवार खरसाङका पूर्व उपाध्यक्ष तथा खरसाङ विश्वकर्मा समाजका पूर्व अध्यक्ष अनि वर्तमान प्रमुख सल्लाहकार दिलीपकुमार बराइलीको हिजो निधन भएको छ| उहाँ केही समयदेखि स्वास्थ्य समस्याहरूसँग जुधिरहनुभएको थियो। १६ मार्च १९५४-मा डुवर्स, पत्थरझोड़ामा जन्मग्रहण गर्नुभएको थियो।सानैदेखि खेलकूदमा झुकाउ तथा चासो राख्ने बराइली आफ्नो समयका एक असल फुटबल खेलाडीको रूपमा चर्चित हुनुहुन्थ्यो। यस दुःखद घड़ीमा विश्वकर्म समाजका वर्तमान अध्यक्ष निर्मलकुमार गहतराजको अगुवाइमा एउटा टोली उहाँको निवासस्थलमा पुगी शोकसन्तप्त परिवारप्रति समवेदनासहित दिवङ्गत आत्माप्रति श्रद्धासुमन अर्पण गरेको छ।

**भारतीय जनता पार्टी**

भारतीय जनता पार्टी दार्जीलिङ जिल्ला समितिले मण्डल भ्रमण अभियानलाई निरन्तरता दिँदै आज नागरी धजे मण्डल भ्रमण गऱ्यो । जिल्ला अध्यक्ष सञ्जिव लामा तथा अन्य नेतृत्वहरूको टोलीले क्षेत्रको साङ्गठनिक सुदृढीकरण तथा वुनियादी समस्याहरूबारे चर्चा परिचर्चा गर्दै सामाधानको पहल गर्ने अध्यक्ष लामाले बताउनुभयो। सत्तासिन दलबाट भ्रष्टचार हुने गरेको आरोप लगाउँदै उहाँले यसको पनि निरीक्षण गरिएको बताउनुभयो।

**सडक शिलान्यास**

मिरिकदेखि डनबस्को गोलाई , थुलुङ गाउँ ,मरमा हुँदै सिरिसेसम्म पुग्ने जिर्ण अवस्थामा रहेको सडकको मरमती कार्य हुने भएको छ। प्रधानमन्त्री ग्राम सडक योजना मार्फत उक्त सडक मरमती कार्य हुनेछ।जसको दुरी 7.50 किलोमिटर रहेको छ भने सडक मरमती कार्य 2 करोड 78 लाख रूपियाँको लागतमा हुनेछ।सडक मरमती कार्यको शिलान्यास पण्डितको मन्त्रोच्चारणको साथमा आज मिरिक नगरपालिका अध्यक्ष एलबी राई अनि मिरिक थर्बु डुप्टिन समष्टिका सभासद मिलेस राईले गर्नुभयो। यस अवसरमा बोल्नुहुँदै स्थानीय सभासद मिलेस राईले मरमा,थुलुङ गाँउबासीले लामो समयदेखि यातायातमा भोग्दै गरेको समस्या समधान हुने बताउनुभयो।

**मुखपत्र " हिमचुली**

नागरी फार्म उच्चतर माध्यमिक विद्यालयको तत्वावधानमा आज विद्यालयको मुखपत्र " हिमचुली " विधिवत विमोचन गरियो। जेष्ठ शिक्षक सिपि थापाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमका प्रमुख अतिथि जीटीए सभा अध्यक्ष अञ्जुल चौहान तथा विशिष्ठ अतिथि सञ्चालन समिति सभापति प्रमोद राईको विशेष उपस्थिति थियो। शिक्षण अशिक्षण कर्मचारी तथा विद्यार्थीवर्ग सहभागी बनेको कार्यक्रम सन्तराज मंग्रातीको स्वागत सम्बोधनपछि एसबी राईले सञ्चालन गर्नुभएको थियो|कार्यक्रममा विद्यार्थीहरुले कविता वाचन तथा गीत प्रस्तुत गरेका थिए|